नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

तनहुँ

पत्र संख्याः- २०८२/८३

च. नं:-

## जिल्लाबासीहरुमा अनुरोध ।

जल तथा मौसम विज्ञान विभागले गरेको मौसमको पूर्वानुमान अनुसार आज मिति २०८३ साल वैशाख १६ गते बुधबार यस जिल्लामा समेत तिब्र गतिको हावाहुरी चल्ने सम्भावना रहेको छ, विभागको यस अनुमान अनुसार आज वैशाख १६ गते बुधबार अपरान्ह ४:०० बझे हावाहुरी सुरु भई भोलि वैशाख १७ गते विहान ६:४५ बजेसम्म रहने अनुमान गरिएको छ । यस हावाहुरीको समयमा मेघगर्जन, चट्याङ्ग, हावाहुरी, असिना सहित पानी पर्ने सम्भवाना रहेकोले हावाहुरीको कारण रुख ढल्ने, कमजोर संरचना ढल्ने, छाना उड्ने, विद्युत तथा संचार सेवा प्रभावित हुने जोखिम रहेकोले यस समयावधिमा सबै जिल्लाबासीहरुले पूर्वसावधानी अपनाई देहाय बमोजिमका कुरामा ध्यानदिनुहुन तनहुँ जिल्लाबासी सम्पूर्ण आमाबुबा, दाजुभाई, दिदीबहिनी लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध एवम् अपिल गर्दछु ।

- अत्यावश्यक काममा बाहेक घर बाहिर ननिस्कनु हुन,
- अत्यावश्यक काम नपरी यात्रामा ननिस्कनु हुन,
- घरटहरा लगायतका भवन संरचना कमजोर र जोखिमयुक्त भएमा सुरक्षित ठाउँमा बसोबास गर्नुहुन,
- घर बाहिर आगो नबाल्नुहुन र घरभित्र पनि आगोबाल्दा सावधानी अपनाउनु हुन,
- हावाहुरीका कारण विद्युतका पोल ढल्न सक्ने भएकोले विद्युतको तार मुनि नबस्ने र तारलाई नछुनुहुन,
- अग्ला रुख नजिक नबस्नुहुन,
- हावाहुरीका कारण जस्तापाता लगायत हावाहुरीले उडाएका सामनले क्षति पुर्याउन सक्ने भएकोले सावधानी अपनाउनु हुन,

**यस विपद्जन्य घटनाको जोखिमलाई संवेदनशील रुपमा लिई पूर्वसावधानी अपनाउनु हुन र कुनै विपद्जन्य घटना घटेमा उद्धार र राहतका लागि नजिकको प्रहरी ईकाइ, स्थानीय तह, जिल्ला प्रशासन कार्यालय (सम्पर्क नम्बर ९८५६०६७७७७) वा जिल्ला प्रहरी कार्यालय (सम्पर्क नम्बर ९८५६०६५५५५) र जिल्ला आपतकालिन कार्य संचालन केन्द्र (सम्पर्क नं ९८२७१९००८६/९८४६५६४२४४) मा सम्पर्क राख्नु हुन अनुरोध गर्दछु ।**

मितिः २०८३।०१।१६

०१/१६

.....................

दिपक रेग्मी

सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी